



वर्ष ४५ अङ्क ११ साउन २०७८ जुलाई-अगष्ट २०२१

# आन्तरिक लेखापरीक्षणसम्बन्धी समीक्षा गोष्ठी सम्पन्न



आन्तरिक लेखापरीक्षण विभागले २०७८ असार ११ गते 'आ.व.२०७६/७७ को आन्तरिक लेखापरीक्षणका क्रममा देखिएका कैफियतसम्बन्धी समीक्षा गोष्ठी' आयोजना गऱ्यो । गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा विभागले भर्चुअल माध्यममार्फत उक्त गोष्ठी आयोजना गरेको हो ।

सो अवसरमा गभर्नर अधिकारीले नेपाल राष्ट्र बैंकको कामकारबाही र संस्थागत सुशासनको अवस्था सबल र प्रभावकारी हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । उहाँले भन्नुभयो, "हामी केन्द्रीय बैंक र नियामक निकाय हौं । हाम्रो काम स्वच्छ र पारदर्शी हुनुपर्छ । हाम्रा वित्तीय विवरण र कामकारबाहीमा कहीँ कतैबाट प्रश्न उठ्ने अवस्था आउनु हुँदैन ।"

बैंकको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी हुनुपर्ने उल्लेख गर्दै गभर्नर अधिकारीले त्यसको निम्ति आन्तरिक लेखापरीक्षणको भूमिका महत्वपूर्ण हुने धारणा राख्नुभयो । आन्तरिक लेखापरीक्षण विभागले औंल्याएका कैफियतमा अविलम्ब सुधार गर्न विभाग/कार्यालयलाई उहाँले निर्देशन दिनुभयो । "आलेपका कैफियतलाई जतिसक्दो छिटो सुधार गर्नैपर्छ । त्यो काम नसकिने र नहुने भन्ने सवालै रहँदैन ।" उहाँले भन्नुभयो । बैंकका नीतिगत व्यवस्थाको अनुपालनाको सन्दर्भमा 'शून्य सहनशीलता' हुनुपर्ने धारणा गभर्नर अधिकारीले राख्नुभयो । साथै जोखिममा आधारित लेखापरीक्षणको प्रभावकारी कार्यान्वयनमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा आन्तरिक लेखापरीक्षण विभागका कार्यकारी निर्देशक विश्रुत थापाले आर्थिक वर्ष २०७६/७७ को आन्तरिक लेखापरीक्षणको प्रतिवेदनका मुख्य विषयवस्तुलाई समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँको कार्यपत्रमा नियमित लेखापरीक्षण, जोखिममा आधारित लेखापरीक्षण, विशेष लेखापरीक्षण/निरीक्षणको विवरण, लेखापरीक्षणका क्रममा औंल्याइएका मुख्य कैफियतहरू समेटिएको थियो । त्यस क्रममा उहाँले गैरस्थलगत लेखापरीक्षणलाई प्राथमिकता दिनुपर्ने, आन्तरिक लेखापरीक्षणका नीतिगत क्षेत्र र योजनालाई समयसापेक्ष अद्यावधिक गर्नुपर्ने, जोखिममा आधारित लेखापरीक्षणलाई प्रभावकारी बनाइनुपर्ने आवश्यकतामा जोड दिनुभएको थियो ।

भर्चुअल गोष्ठीमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनका कैफियत र सुधारका पक्षबारे अन्तरक्रिया सञ्चालन गरिएको तथियो । सो अवसरमा विभिन्न विभाग/कार्यालयका प्रमुखहरूले आन्तरिक लेखापरीक्षण प्रतिवेदनका विषयमाथि आ-आफ्नो धारणा र सुझाव राख्नुभएको थियो । बैंक सञ्चालक समितिका सदस्य एवम् लेखापरीक्षण समितिका संयोजक डा. सुबोधकुमार कर्णले अन्तरक्रियाको सहजीकरण गर्नुभएको थियो ।

समीक्षा गोष्ठीमा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले बैंकको आन्तरिक लेखापरीक्षण पद्धति विगतको तुलनामा प्रभावकारी रहेको उल्लेख गर्दै लेखापरीक्षणका कैफियतलाई सुधारतर्फ विभाग/कार्यालयको ध्यानाकर्षण गराउनुभयो । डेपुटी गभर्नर बमबहादुर मिश्रले बढी जोखिम र संवेदनशील रहेका विभाग/कार्यालयमा सघन रूपमा लेखापरीक्षण केन्द्रित गर्नुपर्ने सुझाव दिनुभयो । गोष्ठीमा लेखापरीक्षण समितिका विज्ञ सदस्य केशवप्रसाद भट्टराईको समेत उपस्थिति थियो । आन्तरिक लेखापरीक्षण विभागका का.मु. निर्देशक अशोक घिमिरेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# गभर्नर अधिकारीद्वारा BIS को ९१ औं वार्षिक बैठकमा सहभागिता

गभर्नर महाप्रसाद अधिकारी Bank for International Settlements (BIS) को ९१ औं वार्षिक बैठकमा सहभागी हुनुभयो । २०७८ असार १४ र १५ गते भर्चुअल माध्यममा आयोजित बैठकमा उहाँले सहभागिता जनाउनुभएको हो ।

बैठकको पहिलो दिन बैंक अफ इङ्ल्यान्ड तथा बैंक अफ क्यानडाका पूर्व गभर्नर मार्क क्यार्नीले 'The Art of Central Banking in a Centrifugal World' विषयमा आफ्नो मन्तव्य राख्नुभयो । त्यस क्रममा उहाँले केन्द्रीय बैंकको विगत र वर्तमानको तुलनात्मक भूमिका, बदलिँदो विश्व वित्तीय प्रणालीमा देखिएका नवीनतम चुनौतीलाई सम्बोधन गर्दै मौद्रिक तथा वित्तीय स्थायित्वका निम्ति केन्द्रीय बैंकले अवलम्बन गर्नुपर्ने रणनीतिक व्यवस्थाबारे धारणा राख्नुभयो । प्रविधिमा आएको परिवर्तनसँगै डिजिटल मुद्राको प्रयोग बढ्दै गएको सन्दर्भमा सेन्ट्रल बैंक डिजिटल करेन्सीको अवधारणाका विषयमा समेत क्यार्नीले आफ्नो मन्तव्य केन्द्रित गर्नुभएको थियो । उहाँको प्रस्तुतिमाथि सहभागीहरूबीच समूहगत छलफल भएको थियो ।

बैठकको दोस्रो दिन BIS का महाप्रबन्धक अगस्टिन कार्सटेन्सले आफ्नो मन्तव्य राख्दै संस्थाको वार्षिक आर्थिक प्रतिवेदनका मुख्य झलकहरू प्रस्तुत गर्नुभयो । सो अवसरमा उहाँले कोभिड-१९ का कारण शिथिल बनेको अर्थतन्त्रको दीर्घकालीन स्थिरताको निम्ति नीतिगत आधारशीला तयार गरिनुपर्ने




आवश्यकता औंल्याउनुभयो । त्यसको लागि संरचनागत सुधार, नवप्रवर्तनात्मक प्रविधिको विकास र विश्वव्यापी नीतिगत सहकार्य एवम् समन्वय हुनुपर्ने आवश्यकतामा महाप्रबन्धक कार्सटेन्सको जोड थियो ।

मङ्गलबार सार्वजनिक BIS को आर्थिक प्रतिवेदनले कोभिड महामारीका कारण आयस्तर र स्रोतको पहुँचमाथि तीव्र रूपमा असमानता बढेको उल्लेख गर्दै मौद्रिक तथा वित्तीय नीतिमार्फत त्यसलाई न्यूनीकरण गरी समष्टिगत आर्थिक स्थायित्वतर्फ उन्मुख हुनुपर्ने आवश्यकता औंल्याइएको छ ।


बैठकका दौरान सबल वित्तीय प्रणालीका निम्ति BIS बाट भएका नवीनतम र नवप्रवर्तनात्मक प्रयासबारे प्रस्तुति दिइएको थियो । उक्त प्रस्तुतिमाथि बैठकका सहभागीहरूबीच छलफल भएको थियो । बैठकमा BIS को सदस्य बैंकसँगै अन्य केन्द्रीय बैंकका गभर्नर र उच्च अधिकारीहरूको सहभागिता थियो । उक्त बैठकमा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टसमेत सहभागी हुनुभएको थियो ।

BIS एक अन्तर्राष्ट्रिय वित्तीय संस्था हो, जसले विश्वभरका केन्द्रीय बैंकबीचको समन्वय र नीतिगत प्रयासबाट मौद्रिक तथा वित्तीय स्थायित्व प्रवर्द्धनको निम्ति आवश्यक भूमिका निर्वाह गर्दछ । सन् १९३० मा स्थापना भएको BIS मा हाल ६३ वटा केन्द्रीय बैंकहरू सदस्य छन् । यसको मुख्यालय स्विट्जरल्याण्डको बाजेलमा रहेको छ ।

# नेपाल राष्ट्र बैंकको मोबाइल एप सार्वजनिक

नेपाल राष्ट्र बैंकले 'नेपाल राष्ट्र बैंक मोबाइल एप' सार्वजनिक गरेको छ । २०७८ असार ३० गते आयोजित भर्चुअल कार्यक्रममा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले उक्त मोबाइल एपको शुभारम्भ गर्नुभयो ।

बैंकको वेबसाइटमा राखिएका नियमित सूचना, जानकारी, विदेशी विनिमय दर, अध्ययन प्रतिवेदन, तथ्याङ्कलगायतका सामग्रीहरू उक्त एपबाट प्राप्त गर्न सकिनेछ । मोबाइल एपको प्रयोगबाट बैंकसँग सम्बन्धित सूचना र जानकारीप्रति सरोकारवाला तथा




सर्वसाधारणको पहुँच अभिवृद्धिमा थप सहयोग पुग्ने अपेक्षा बैंकले राखेको छ ।

उक्त एप हालको निम्ति 'बेटा भर्सन' मा उपलब्ध छ । प्रयोगकर्ताबाट प्राप्त हुने सुझावको आधारमा यसलाई थप परिस्कृत गर्दै लगिनेछ । हाललाई मोबाइल एप एन्ड्रोइड अपरेटिङ सिस्टम रहेको मोबाइलमा उपलब्ध हुनेछ । उक्त एपलाई क्रमिक रूपमा आइओएस अपरेटिङ सिस्टममा समेत विस्तार गरिने विज्ञप्तिमार्फत जनाइएको छ ।

# प्रमुख कार्यकारी अधिकृतहरूसँग अन्तरक्रिया

बैंक सुपरिवेक्षण विभागले २०७८ असार १३ गते नेपाल पूर्वाधार बैंक र वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

पूर्वाधार बैंक र वाणिज्य बैंकमा भएका निरीक्षण/सुपरिवेक्षणका क्रममा औंल्याइएका कैफियत र सुधारका विषयमा केन्द्रित रहेर विभागले भर्चुअल माध्यममार्फत उक्त अन्तरक्रिया आयोजना गरेको हो । सो अवसरमा गभर्नर महाप्रसाद अधिकारीको समेत उपस्थिति थियो ।

सो अवसरमा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले वाणिज्य बैंकहरूको निक्षेप र कर्जा प्रवाहको तुलनात्मक आँकडा, जोखिम व्यवस्थापनको अवस्था, संस्थागत सुशासन, निरीक्षण/सुपरिवेक्षणमा औंल्याइएका कैफियत, यसमा देखिएका चुनौती, सुधारको निम्ति राष्ट्र बैंकले थालेका सुपरिवेक्षकीय प्रयासबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । यस क्रममा उहाँले वाणिज्य बैंकको कारोबारमा देखिएका कर्जा, सञ्चालन, तरलता र बजारसम्बन्धी जोखिम, सम्पत्ति शुद्धीकरण निवारणका, वित्तीय ग्राहक संरक्षणमा देखिएका कमजोरीबारे प्रकाश पार्दै सुधार पक्षबारे चर्चासमेत गर्नुभयो ।

कार्यक्रममा डेपुटी गभर्नर बमबहादुर मिश्रको संयोजनमा कार्यपत्रमाथि छलफल सत्र सञ्चालन गरिएको थियो । सो अवसरमा



नेपाल बैंकर्स संघका अध्यक्ष भुवनकुमार दाहाल, प्रमुख कार्यकारी अधिकृतहरू नेपाल पूर्वाधार बैंकका रामकृष्ण खतिवडा, सिटिजन्स बैंकका गणेशराज पोखरेल, नबिल बैंकका अनिलकेशरी शाह, सिद्धार्थ बैंकका शम्भु गौतम, राष्ट्रिय वाणिज्य बैंकका किरणकुमार श्रेष्ठ, एनएमबी बैंकका सुनिल केसी, कृषि विकास बैंकका अनिल उपाध्याय, सनराइज बैंकका सुमन शर्मा, हिमालयन बैंकका अशोक राणा र मेगा बैंकका अनुपमा खुञ्जेलीले धारणा राख्नुभएको थियो । कार्यक्रममा उहाँहरूले राष्ट्र बैंकको नीतिगत निर्देशनको पालना र कमजोरी सुधारको निम्ति आफूहरू प्रतिबद्ध रहेको धारणा राख्नुभएको थियो ।


सो अवसरमा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले राष्ट्र बैंकले जारी गरेका नीतिगत व्यवस्थाको पालनाप्रति प्रतिबद्ध रहन र कार्यान्वयनमा ल्याउन प्रमुख कार्यकारी अधिकृतहरूलाई निर्देशन दिनुभयो । बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले पछिल्लो समयमा बैंकहरूको कर्जा प्रवाह आक्रामक देखिएको उल्लेख गर्दै त्यसले जोखिम निम्त्याउनेतर्फ ध्यानाकर्षण गराउनुभयो ।

बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक शरणकुमार अधिकारीले अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# गभर्नरको कार्यालयद्वारा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना

गभर्नरको कार्यालयले २०७८ असार १३ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । गभर्नर महाप्रसाद अधिकारी, डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिनासमेतको उपस्थितिमा सो ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गरिएको हो ।

भर्चुअल माध्यमद्वारा आयोजित कार्यक्रममा बैंकका उप-निर्देशक गुणराज भट्टले 'Impossible Trinity in a Small Open Economy: A State-Space Model Informed Policy Simulation' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । यस क्रममा उहाँले उक्त विषयको सन्दर्भ, पद्धति, सैद्धान्तिक विषयवस्तु, नतिजा,



यसको नीतिगत उपादेयता लगायतका विषयमा जानकारी दिनुभयो ।

उप-निर्देशक भट्टले प्रस्तुत गर्नुभएको अध्ययन कार्यपत्रका सहलेखक एवम् वोलङगोङ विश्वविद्यालयका सहप्राध्यापक डा. चार्ल्स हार्भीको समेत कार्यक्रममा उपस्थिति थियो । सो अवसरमा विभिन्न विभाग/कार्यालयका १३२ जना कर्मचारीको सहभागिता रहेको थियो । गभर्नरको कार्यालयका निर्देशक नारायणप्रसाद पोखेलले कार्यक्रम सञ्चालन गर्नुभयो भने कार्यकारी निर्देशक डा.नेफिल मातङ्गि मास्केले सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# एसआईएससम्बन्धी अन्तरक्रिया सम्पन्न

बैंक सुपरिवेक्षण विभागले २०७८ जेठ १६ गते 'सुपरिवेक्षकीय सूचना प्रणाली (एसआईएस) कार्यान्वयन र आगामी गन्तव्य' विषयमा वाणिज्य बैंक र नेपाल पूर्वाधार विकास बैंकका प्रमुख कार्यकारी अधिकृतहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

गभर्नर महाप्रसाद अधिकारी, डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रको उपस्थितिमा भर्चुअल माध्यममार्फत उक्त अन्तरक्रिया आयोजना गरिएको हो । सो अवसरमा चारवटै सुपरिवेक्षण विभागका कार्यकारी निर्देशकहरूसँगै वाणिज्य बैंकका र नेपाल पूर्वाधार विकास बैंकका प्रमुख कार्यकारी अधिकृतहरूको उपस्थिति थियो ।

सो अवसरमा गभर्नर अधिकारीले राष्ट्र बैंकले गर्ने सुपरिवेक्षणलाई थप प्रविधिमैत्री र गैरस्थलगत सुपरिवेक्षणलाई थप व्यवस्थित बनाउन सुपरिवेक्षकीय सूचना प्रणालीको प्रभावकारी कार्यान्वयनको आवश्यकतामा जोड दिनुभयो । एसआईएससँग सम्बन्धित विवरणहरू समयमै प्रविष्टि गर्न निर्देशन दिँदै उहाँले सो प्रणालीलाई थप सुदृढ गर्दै लगिने धारणा राख्नुभयो । एसआईसको प्रभावकारी कार्यान्वयनका निम्ति यसमा संलग्न जनशक्तिलाई थप प्रशिक्षणको व्यवस्था मिलाउनसमेत गभर्नर अधिकारीले निर्देशन



दिनुभयो ।

कार्यक्रममा वाणिज्य बैंक तथा नेपाल पूर्वाधार विकास बैंकका प्रमुख कार्यकारी अधिकृतहरूले एसआईएसको कार्यान्वयनको प्रतिबद्धता व्यक्त गर्दै यसमा समावेश हुने तथ्याङ्कलाई एकीकृत गर्ने क्रम चलिरहेको जानकारी दिनुभयो । नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष भुवनकुमार दाहालले एसआईएस कार्यान्वयनले बैंकिङ प्रणालीको कार्यान्वयनका निम्ति बैंकहरू प्रतिबद्ध रहेको धारणा राख्नुभयो ।

कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले स्वागत मन्तव्य राख्दै एसआईएसको आवश्यकता र कार्यक्रमको औचित्यबारे प्रकाश पानुभएको थियो । सोही विभागका उप-निर्देशक सत्येन्द्रराज सुवेदीले 'सुपरिवेक्षकीय सूचना प्रणाली कार्यान्वयनको अवस्था र आगामी गन्तव्य' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

बैंक सुपरिवेक्षण विभागले जेठ २६ गते 'सुपरिवेक्षकीय सूचना प्रणाली (एसआईएस) कार्यान्वयन र आगामी गन्तव्य' विषयमै विकास बैंक र वित्त कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूसँगसमेत भर्चुअल अन्तरक्रिया आयोजना गरेको थियो ।

# गभर्नर अधिकारीद्वारा पुरस्कार र प्रमाणपत्र वितरण

नेपाल राष्ट्र बैंकको ६६औं वार्षिकोत्सवको अवसरमा सञ्चालित आर्थिक लेख प्रतियोगिताका विजयी कर्मचारीलाई गभर्नर महाप्रसाद अधिकारीले नगद पुरस्कार र प्रमाणपत्र वितरण गर्नुभयो । २०७७ असार २१ गते गभर्नरको कार्यालयमा आयोजित कार्यक्रममा गभर्नर अधिकारीले उहाँहरूलाई नगद पुरस्कार र प्रमाणपत्र वितरण गर्नुभएको हो ।

उक्त प्रतियोगितामा वित्त व्यवस्थापन विभागका उप-निर्देशक जगदीश कुमार प्रथम, आर्थिक अनुसन्धान विभागका सहायक निर्देशक चोपकान्त सुवेदी द्वितीय र बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक सागर गौतमले तृतीय स्थान हासिल गर्नुभएको थियो । प्रथम, द्वितीय र तृतीय पुरस्कारको राशि क्रमशः रु.दश हजार, आठ



हजार र छ हजार र प्रमाणपत्र रहेको छ ।

सो अवसरमा गभर्नर अधिकारीले प्रतियोगिताका विजयी कर्मचारीहरूलाई बधाई दिँदै लेखन सीपलाई थप परिस्कृत ढङ्गले निरन्तरता दिन आग्रह गर्नुभयो । गभर्नरको कार्यालयद्वारा आयोजित प्रतियोगितामा बैंकका ११ जना कर्मचारीको सहभागिता थियो ।

# अध्यक्ष पुडासैनीद्वारा गभर्नर अधिकारीसमक्ष शपथ

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका नवनिर्वाचित अध्यक्ष रामशरण पुडासैनीले गभर्नर महाप्रसाद अधिकारीसमक्ष २०७८ असार २१ गते पद तथा गोपनीयताको शपथ लिनुभएको छ । शपथ ग्रहणपछि गभर्नर अधिकारीले अध्यक्ष पुडासैनीलाई सफल कार्यकालको निम्ति शुभकामना दिनुभयो ।

बैंक सञ्चालक समितिको असार २० गते बसेको २४७७ औं बैठकले पुडासैनीलाई अध्यक्ष चयन गरेको थियो । पुडासैनी अर्थ मन्त्रालयका राजस्व सचिव हुनुहुन्छ । उहाँको कार्यकाल चार वर्षको हुनेछ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ (५) मा सञ्चालकले आफूमध्ये बहुमतबाट छानेको व्यक्ति सञ्चालक समितिको अध्यक्ष हुने व्यवस्था छ ।



बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ मा बैंक तथा वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षले राष्ट्र बैंकसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ ।


# व्यवस्थापन गोष्ठी सम्पन्न

संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले आर्थिक वर्ष २०७८/७९ को वार्षिक कार्ययोजना तथा बजेट तर्जुमा गर्ने सिलसिलामा २०७८ असार २ र ३ गते व्यवस्थापन गोष्ठी आयोजना गऱ्यो ।

गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा विभागले भर्चुअल माध्यममार्फत उक्त गोष्ठी आयोजना गरेको हो । सो अवसरमा गभर्नर अधिकारीले कोभिड-१९ को असहज परिस्थितिमा कार्यान्वयन हुनसक्ने किसिमका वार्षिक कार्ययोजना तथा बजेट प्रस्ताव/तर्जुमा गर्न निर्देशन दिनुभयो ।

गोष्ठीमा डेपुटी गभर्नरद्वय बमबहादुर मिश्र र डा. नीलम ढुङ्गाना तिम्सिनाले क्रमश: पहिलो र दोस्रो व्यावसायिक सत्रको अध्यक्षता गर्नुभएको थियो । व्यावसायिक सत्रमा सबै विभाग/कार्यालय, महाशाखा, इकाई, प्रदेशस्थित कार्यालयका प्रमुखहरूले आर्थिक वर्ष २०७८/७९ को लागि प्रस्तावित वार्षिक कार्ययोजना प्रस्तुत गर्नुभएको थियो ।

सो अवसरमा संस्थागत योजना विभागका का.मु.कार्यकारी निर्देशक दयाराम



नेपाल राष्ट्र बैंक

वार्षिक कार्ययोजना
आर्थिक वर्ष २०७८/७९

संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग
२०७८ असार

शर्मा पंगेनीले बैंकको आर्थिक वर्ष २०७७/७८ को वार्षिक कार्ययोजना तथा बजेटको कार्यान्वयन अवस्था र २०७८/७९ को लागि विभाग/कार्यालयहरूद्वारा प्रस्तावित वार्षिक कार्ययोजना तथा बजेटसम्बन्धी संक्षिप्त विवरण प्रस्तुत गर्नुभयो । गोष्ठीमा नेपाल राष्ट्र बैंकमा क्रियाशील कर्मचारी संघ/संगठनको केन्द्रीय समितिका अध्यक्षहरूले आर्थिक वर्ष २०७८/७९ को लागि प्रस्तावित वार्षिक कार्ययोजना तथा बजेटलाई प्रभावकारी बनाउने सम्बन्धमा सुझाव प्रस्तुत गर्नुभएको थियो ।

गोष्ठी समापनका अवसरमा गभर्नर अधिकारी, डेपुटी गभर्नरद्वय तिम्सिना र मिश्र तथा सञ्चालक समितिका सदस्य रामजी रेग्मीले विविध विषयमा मन्तव्य राख्नु भएको थियो । सो अवसरमा सहभागीका तर्फबाट भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक भुवन कडेल र विराटनगर कार्यालयका निर्देशक सत्येन्द्र तिमिल्सिनाले मन्तव्य राख्नु भएको थियो ।

गोष्ठीमा संस्थागत योजना विभागका कार्यकारी निर्देशक पंगेनीले स्वागत मन्तव्य राख्नुभयो भने निर्देशक सुषमा रेग्मी रिजालले धन्यवाद ज्ञापन गर्नुभएको थियो । विभागका निर्देशक लक्ष्मीप्रसाद प्रसाईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# धनगढी र नेपालगञ्जमा नोटकोषको अनलाइन प्रणालीसम्बन्धी तालिम






धनगढी कार्यालयले २०७८ असार १६ गते नोटकोष कारोबारको अनलाइन प्रणालीसम्बन्धी तालिम सञ्चालन गऱ्यो । कार्यालयले भर्चुअल माध्यमबाट उक्त तालिम सञ्चालन गरेको हो ।

तालिममा धनगढी कार्यालयसँगै यसअन्तर्गत नोटकोष कारोबार गर्ने वाणिज्य बैंकका शाखा कार्यालयका कर्मचारीको सहभागिता थियो । सो अवसरमा मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले नोटकोष कारोबार तथा सञ्चालन सम्बन्धमा विस्तृत कार्यपत्र प्रस्तुत गर्नुभयो। यस क्रममा उहाँले नोटकोष कारोबार सञ्चालन गर्ने वाणिज्य बैंकका शाखाले दैनिक रूपमा हुने बैंकिङ कारोबारको रिपोर्टिङ गर्ने व्यवस्था मिलाउन निर्देशन गर्नुभयो । विभागका उप-निर्देशक बबी केसीले नोटकोष सञ्चालन तथा नोटकोष कारोबारको अनलाइन प्रणालीबारे सहभागीलाई जानकारी दिनुभयो ।

धनगढी कार्यालयका उप-निर्देशक सुशील ज्ञवालीले नोटकोष कारोबार गर्ने बैंकले नियमित रिपोर्टिङ गर्नुपर्ने, सफा नोट नीतिको पालना हुनुपर्ने, ढुकुटीको उचित व्यवस्थापन गर्नुपर्नेलगायतका आवश्यकतामा जोड दिनुभयो । कार्यालयका निर्देशक शुभाषचन्द्र घिमिरेले सहभागीको जिज्ञासाको जवाफ दिँदै समापन मन्तव्य राख्नुभएको थियो ।

यसैबीच, नेपालगञ्ज कार्यालयले पनि असार २४ गते नोटकोष कारोबारको अनलाइन प्रणालीसम्बन्धी तालिम सञ्चालन गऱ्यो । कार्यालयका निर्देशक गोविन्दप्रसाद नागिलाको संयोजकत्वमा उक्त तालिम सञ्चालन गरिएको हो ।

भर्चुअल माध्यममा आयोजित तालिममा मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले 'नोटकोष सञ्चालन प्रक्रिया' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी विभागका उप-निर्देशक बबी केसीले 'नोटकोष कारोबारलाई प्रभावकारी र प्रविधिमैत्री बनाउन चाल्नुपर्ने कदमहरू' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा नेपालगञ्ज कार्यालयसँगै सोअन्तर्गत नोटकोष कारोबार गर्ने वाणिज्य बैंकका ३४ जना कर्मचारीको सहभागिता थियो ।

# जोखिम अधिकृतका लागि अन्तरक्रिया

संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले २०७८ असार ३० गते जोखिम अधिकृतहरूका लागि भर्चुअल माध्यमबाट अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा विभागका का.मु.कार्यकारी निर्देशक, निर्देशक र उप-निर्देशकहरूसँगै सबै विभाग, महाशाखा, इकाई र कार्यालयका जोखिम व्यवस्थापन कार्यमा संलग्न जोखिम अधिकृतको सहभागिता रहेको उक्त अन्तरक्रिया कार्यक्रममा कुल ३५ जना कर्मचारीको सहभागिता रहेको थियो ।

सो अवसरमा विभागका का.मु.कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै संस्थागत जोखिमबाट उत्पन्न हुन सक्ने सम्भावित नोक्सानीको पहिचान गरी समयमै जोखिम न्यूनीकरण तथा नियन्त्रण गर्न समयमै प्रभावकारी उपाय अवलम्बन गर्नुपर्ने कुरा व्यक्त गर्नुभयो ।

कार्यक्रममा विभागका सहायक निर्देशक सुमन बलामीले जोखिमको परिचय, जोखिम व्यवस्थापनको उद्देश्य, जोखिम व्यवस्थापन सम्बन्धमा भएका नीतिगत तथा प्रक्रियागत व्यवस्था, जोखिम अभिलेख रजिष्टर, जोखिम पहिचान तथा वर्गीकरण, जोखिम प्रतिवेदन, जोखिम व्यवस्थापनका समस्या तथा चुनौती सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभएको थियो ।

सो अवसरमा का.मु.कार्यकारी निर्देशक पंगेनीले अन्तरक्रिया कार्यक्रममा सहभागीले राखेका जिज्ञासाको सम्बोधन गर्नुभयो । निर्देशक लक्ष्मीप्रसाद प्रसाईले स्वागत मन्तव्य राख्नुभयो भने निर्देशक सुष्मा रेग्मी (रिजाल) ले धन्यवाद ज्ञापनसहित कार्यक्रम समापन गर्नुभयो। विभागका उप-निर्देशक ईश्वरकुमार कटुवालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# वीरगञ्ज कार्यालयद्वारा आर्थिक तथ्याङ्कसम्बन्धी गोष्ठी सम्पन्न

वीरगञ्ज कार्यालयले २०७८ असार ९ गते 'आर्थिक तथ्याङ्कको महत्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयक भर्चुअल गोष्ठी आयोजना गऱ्यो ।

कार्यक्रममा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले तथ्याङ्क र नीति निर्माणबीचको अन्तरसम्बन्धको बारेमा प्रकाश पार्नुभयो । साथै उहाँले तथ्याङ्क सङ्कलनको कानुनी आधार, महत्व र गोपनीयताबारेमा समेत धारणा राख्नुभयो । सोही विभागका निर्देशक माधव दङ्गालले 'आर्थिक तथ्याङ्कको महत्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । साथै उहाँले प्रदेशगत आर्थिक तथ्याङ्कहरू प्रस्तुत गर्दै राष्ट्र बैंकको उद्देश्य, तथ्याङ्क गुणस्तर, स्रोत, सङ्कलन विधि तथा प्रयोगहरूको बारेमा प्रष्ट पार्नुभयो ।



कार्यक्रममा वीरगञ्ज कार्यालयको कार्यक्षेत्रअन्तर्गतका पर्सा, बारा र रौतहट जिल्लास्थित सरकारी तथा सार्वजनिक निकाय, उद्योगी/व्यवसायी आबद्ध संस्थाका प्रतिनिधिसहित २८ जनाको सहभागिता थियो । कार्यक्रममा वीरगञ्ज कार्यालयका निर्देशक डा. राजनकृष्ण पन्तले सहभागीलाई धन्यवाद दिँदै तथ्याङ्क सङ्कलनमा देखिएका समस्याको निराकरणका लागि सरोकारवाला निकायबाट सहयोगको अपेक्षा गरिएको धारणा राख्नुभयो ।

सो अवसरमा वीरगञ्ज कार्यालयका उप-निर्देशक डण्डप्रसाद खरेलले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो । यसै गरी वीरगञ्ज कार्यालयका सहायक निर्देशक प्रदीप बानियाँले पर्सा, बारा र रौतहट जिल्लामा तथ्याङ्क सङ्कलनमा देखिएका समस्या र समाधानका उपायका विषयमा वार्ता प्रस्तुत गर्नुभयो । वीरगञ्ज कार्यालयका सहायक राजेश झाले सो कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# धनगढी र नेपालगञ्जमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया

धनगढी कार्यालयले २०७८ असार ११ गते सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा सम्बद्ध सूचक संस्था, सरोकारवाला निकायको सहभागितामा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयले वित्तीय जानकारी इकाईसँगको समन्वयमा भर्चुअल माध्यममार्फत उक्त अन्तरक्रिया आयोजना गरेको हो । कार्यक्रममा सुदूरपश्चिम प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागिता तथियो । सो अवसरमा वित्तीय जानकारी इकाईका निर्देशक दीर्घबहादुर रावलले 'AML-CFT General Overviews' सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । सोही इकाईका उप-निर्देशक प्रियङ्का बस्न्यातले 'Overview of goAML' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा धनगढी कार्यालयका निर्देशक शुभाषचन्द्र घिमिरेले सम्पत्ति शुद्धीकरणको जोखिम न्यूनीकरण गर्न बैंक तथा वित्तीय संस्थाको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै सो सम्बन्धमा जारी भएका नीतिगत व्यवस्थाको पालना हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

कार्यक्रममा धनगढी कार्यालयका उप-निर्देशक मधुसुदन दवाडीले स्वागत मन्तव्य राख्नुभयो भने प्रधान सहायक निरज पाण्डेयले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

नेपालगञ्ज कार्यालयले २०७८ असार १७ गते 'सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

भर्चुअल माध्यममा आयोजित कार्यक्रममा वित्तीय जानकारी इकाईका निर्देशक दीर्घबहादुर रावलले 'AML/CFT in Nepal: A Discussion' र सहायक निर्देशक स्वेच्छा घिमिरेले 'An Overview on goAML' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा बाँके, बर्दिया, दाङ र पूर्वी रुकुमका बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिसहित ८७ जनाको सहभागिता थियो ।

# धनगढीमा भर्चुअल अन्तरक्रिया

धनगढी कार्यालयले २०७८ असार १४ गते बैंक तथा वित्तीय संस्था र अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूसँग व्यापार व्यवसाय, बैकिङ सेवा सञ्चालनको विद्यमान अवस्था एवम् आगामी मौद्रिक नीतिका लागि सुझावलगायतका समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कार्यालयले भर्चुअल माध्यममार्फत उक्त अन्तरक्रिया आयोजना गरेको हो ।

कार्यालयका निर्देशक शुभाषचन्द्र घिमिरेको अध्यक्षतामा आयोजित कार्यक्रममा स्थानीयस्तरका बैंक तथा वित्तीय संस्थाका प्रादेशिक प्रमुख, शाखा प्रमुख, उद्योग वाणिज्य संघका प्रतिनिधि, होटल व्यावसायी संघका प्रतिनिधिसहित अन्य सरोकारवाला निकायका प्रतिनिधिसमेत करिब १०० जनाको सहभागिता थियो ।

कार्यक्रममा निर्देशक घिमिरेले कोभिड-१९ बाट प्रभावित व्यापार/व्यवसायको पुनरुत्थानको निम्ति मौद्रिक नीति र अन्त नीतिगत व्यवस्थामार्फत आवश्यक व्यवस्था




मिलाएको उल्लेख गर्दै त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुभयो ।

सो अवसरमा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, उद्योगी व्यवसायीले समसामयिक विषयमा आ-आफ्नो विचार र जिज्ञासा राख्नुभएको थियो । उद्योगी/व्यवसायीले कोभिड-१९ बाट प्रभावित व्यवसायको निरन्तरताको निम्ति ब्याजदरमा छुट दिनुपर्ने, पुनरकर्जाको सीमा अवधिलाई दुई वर्ष कायम गर्नुपर्ने, साना तथा मझौला व्यवसायीलाई समेत राहत हुने प्याकेज ल्याउनुपर्ने, विद्युतीय भुक्तानीलाई प्रभावकारी बनाउनुपर्ने सुझाव दिनुभएको थियो । निर्देशक घिमिरेले सहभागीको जिज्ञासाको जवाफ दिँदै कार्यक्रम समापन गर्नुभयो ।

धनगढी कार्यालयका उप-निर्देशक मधुसुदन दवाडीले स्वागत मन्तव्य राख्नुभयो भने सहायक महेशप्रसाद भट्टले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# जनकपुर र नेपालगञ्ज कार्यालयमा ज्ञान आदान प्रदान कार्यक्रम सम्पन्न

जनकपुर कार्यालयको २०७८ असार १५ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका सहायक निर्देशक प्रियङ्का ठाकुरले 'आन्तरिक/बाह्य लेखापरीक्षणको महत्व तथा उपादयेता एवम् लेखापरीक्षणको क्रममा औंल्याइएका कैफियतहरूको सुधार' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

आन्तरिक तथा बाह्य लेखापरीक्षण कार्यको आवश्यकता एवम् औचित्यता पुष्टी गर्दै लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भएका कैफियत, सोको सुधार तथा आगामी दिनमा हुन सक्ने त्रुटिलाई न्यूनीकरण गर्नेलगायतका महत्वपूर्ण जानकारीहरू कार्यपत्रमा समेटिएको थियो ।

सो अवसरमा जनकपुर कार्यालयका निर्देशक दुर्गेशगोपाल श्रेष्ठले बैंकका नियमित कामकारबाहीलाई प्रभावकारी बनाउनका निम्ति आन्तरिक लेखापरीक्षणको महत्वपूर्ण भूमिका हुने उल्लेख गर्दै कार्यक्रम



समापन गर्नुभयो । कार्यक्रममा जनकपुर कार्यालयका कर्मचारीहरूको सहभागिता थियो । कार्यालयका सहायक मनोहर थापाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसैबीच, नेपालगञ्ज कार्यालयले २०७८ असार २८ गते ज्ञान आदान प्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका निर्देशक गोविन्दप्रसाद नागिलाको सभापतित्वमा आयोजित कार्यक्रममा सहायक निर्देशक राहुल कनोजियाले 'आर्थिक गतिविधि अध्ययन' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले आर्थिक गतिविधि अध्ययनको महत्व, अध्ययनको भौगोलिक कार्यक्षेत्र, अध्ययन प्रतिवेदनको प्रकार तथा पठाउनुपर्ने समयसीमा र अध्ययन प्रतिवेदन तयार गर्दा ध्यान दिनुपर्ने विषयमा जानकारी दिनूभयो । कार्यक्रममा कार्यालयका कर्मचारीहरूको सहभागिता थियो ।

# केन्द्रीय बैंक विद्युतीय मुद्राको अवधारणा




✍ मित्रप्रसाद तिम्सिना
उप-निर्देशक, नेपाल राष्ट्र बैंक

हामीसँग भएको नगद मुद्राको विद्युतीय स्वरूप नै 'केन्द्रीय बैंक विद्युतीय मुद्रा (Central Bank Digital Currency-CBDC)' हो । नगद मुद्रा सरह ग्राह्य हुने यो मुद्राको परिचय, सुरुआत, कार्य गर्ने विधि, फाइदा र चुनौतीबारे यस लेखमा संक्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ ।

## १. परिचय तथा सुरुआत

विद्युतीय माध्यमबाट कारोबार गर्न सकिने नगद मुद्राको जस्तै विशेषता भएको केन्द्रीय बैंक वा तोकिएको निकायबाट निष्काशन भएको मुद्रा नै CBDC हो । नगद मुद्रा र ई-मनी तथा क्रिप्टोकरेन्सीका राम्रा पक्ष समेट्ने केन्द्रीय बैंकको पछिल्लो मुद्रामा देहायबमोजिमका विशेषताहरू रहेको पाउन सकिन्छ (चार्ट) ।




Source : Bank of England

- केन्द्रीय बैंक वा तोकिएको निकायले विद्युतीय माध्यमबाट जारी गर्ने,
- नगद मुद्राको विद्युतीय स्वरूप भएकोले विद्युतीय अभिलेख वा टोकन/Unique Serial Number जारी गरी प्रवाह गरिने,
- आफूसँग रहेको विद्युतीय उपकरणमा धारण गर्न सकिने,
- अनलाइन वा अफलाइन तोकिएअनुसार प्रयोग गर्न सकिने,
- केन्द्रीय बैंकमा रहेको रिजर्भ वा आफूसँग रहेको नगद समान ग्राह्य हुने,
- कारोबार वास्तविक समयमा राफसाफ हुने (काउन्टरपार्टी जोखिम नहुने),
- नगद मुद्रा वा बैंक निक्षेपबाट CBDC सटही र CBDC बाट नगद सटही वा बैंक निक्षेप गर्न सकिने ।


बैंक अफ इङ्ल्याण्डका डेपुटी गभर्नर बेन ब्रोडबेन्टले सन् २०१६ मा प्रयोग गरेपछि CBDC शब्द चर्चामा आएको देखिन्छ । तर पनि केन्द्रीय बैंकको विद्युतीय मुद्रासम्बन्धी अभ्यास सन् १९९० को दशकमा फिनल्याण्डको केन्द्रीय बैंकले ई-मनी कार्ड जारी गरेपछि सुरु भएको देखिन्छ । सन् २००९ देखि बिटक्वायनको प्रयोग सुरु भएपश्चात् भर्चुअल मुद्रा र क्रिप्टोकरेन्सीले विद्यमान भुक्तानी प्रणालीलाई विस्थापित गर्न सक्ने र मुद्रा प्रदाय नियन्त्रणमा केन्द्रीय बैंकको क्षमता कमजोर हुने जोखिम बढ्दै गएकाले यो विषयमा केन्द्रीय बैंकको थप चासो गएको हो । सन् २०१४ देखि चीनले विद्युतीय युआन, सन् २०१६ देखि स्वीडेनले इ-क्रोना, सन् २०१७ देखि उरुग्वेले विद्युतीय उरुग्वेयन पेसो र रसियाले क्रिप्टो रुवेलको विकासमा कार्य गरिरहेका छन् । बहमास र कम्बोडियाले भौतिक मुद्रा सरह CBDC प्रयोगमा ल्याएका छन् । सन् २०२२ देखि प्रयोगमा ल्याउने चीनले योजना बनाएको छ । हालसम्म ५० भन्दाबढी देशका केन्द्रीय बैंकले विद्युतीय मुद्राको सम्बन्धमा अध्ययन वा परीक्षणको कार्य गरिरहेका छन् । तर, यससम्बन्धी अन्तराष्ट्रिय रूपमा सर्वस्वीकार्य मापदण्डहरू बन्न सकेका छैनन् ।

## २. CBDC उपलब्ध हुने तरिका तथा विकासका चरण

केन्द्रीय बैंक वा सरकार वा अनुमतिप्राप्त निजी क्षेत्रको डेटाबेसको प्रयोग गरी CBDC लाई प्रयोगकर्ताको पहुँचमा पुऱ्याइन्छ । हाल (क) Retail CBDC र (ख) Wholesale CBDC चर्चामा रहेका छन् । केन्द्रीय बैंकले सर्वसाधारणका लागि दैनिक कारोबारमा प्रयोग गर्नसक्ने गरी जारी गरेको विद्युतीय मुद्रालाई Retail CBDC भनिन्छ । यो प्रयोगकर्ताले धारण गर्ने नगद मुद्राको विद्युतीय स्वरूप हो । प्रयोगकर्ताको विद्युतीय उपकरणमार्फत् जुनसुकै समयमा बजारमा किनमेल गर्न, एक आपसमा लेनदेन गर्न, सरकारले नगद अनुदान हस्तान्तरण गर्ने जस्ता कार्यका निम्ति यसको प्रयोग गर्न सकिन्छ । खातामा आधारित (इन्टरफेस) र विद्युतीय टोकन (वालेट) गरी दुई तरिकाबाट CBDC सर्वसाधारणलाई उपलब्ध हुन्छ । बहमास र कम्बोडियाले मोबाइल वालेटमार्फत् CBDC प्रयोगमा ल्याएको पाउन सकिन्छ ।

अन्तरबैंक बजारमा भुक्तानी राफसाफलाई सहज बनाउन तोकिएका संस्थाबीच हुने कारोबारका लागि जारी भएको विद्युतीय मुद्रालाई Wholesale CBDC भनिन्छ । सामान्यतया Wholesale CBDC बैंक तथा वित्तीय संस्थालाई प्रदान गरिन्छ । Wholesale CBDC ले केन्द्रीय बैंकमा रहेको रिजर्भको समपूरक वा प्रतिस्पर्धीको रूपमा काम गर्दछ । यसले भुक्तानी तथा राफसाफ प्रणालीलाई सुदृढ बनाउने अपेक्षा गर्न सकिन्छ ।

CBDC को विकासमा कार्य गरेका देशहरूको अभ्यास हेर्दा यसको विकासमा अनुसन्धान, विकास, सर्वेक्षण र प्रयोग जस्ता चरण रहेका छन् (चार्ट) ।




## ३. CBDC को प्रयोगका फाइदाहरू

CBDC को आर्थिक तथा प्राविधिक प्रभावको अनुभवजन्य अध्ययनको अभाव भए पनि सामान्यतयाः देहायबमोजिमका फाइदा हुने देखिन्छ ।

- CBDC प्रचलनमा आएपछि अर्थतन्त्रमा नक्कली मुद्रा प्रचलनमा रहने सम्भावना न्यून हुन्छ । CBDC धारकले आफूसँग रहेको मुद्रा सक्कली रहेको निश्चित गर्नु आवश्यक नै रहँदैन ।

- आफ्नो साथमा रहेको भौतिक मुद्राबाट कारोबार गर्दा लाग्ने समयभन्दा विद्युतीय उपकरण वा मोबाइलबाट गरिने कारोबारको समय कम हुने कारण नगद कारोबार गर्दा लाग्ने समय लागतलाई कम गर्ने र कारोबार राफसाफसम्बन्धी प्रणालीलाई CBDC ले सुदृढ गर्दछ ।
- नगदको छपाइ, भण्डारण तथा वितरण, कारोबारको सिलसिलामा प्राप्त हुने नगदको व्यवस्थापनलगायतका लागतलाई विद्युतीय मुद्राले कम गर्दछ । नगद कारोबार जस्तो भौतिक रूपमा चोरी हुने, हराउने, नष्ट हुने जस्ता जोखिम CBDC मा रहँदैन ।
- CBDC को प्रयोगले आर्थिक कारोबारमा न्यून बिजकीकरण, अधिक बिजकीकरण, स्रोत र उपयोग नखुल्ने गरी हुने अपुष्ट कारोबार नियन्त्रणमा सघाउ पुग्ने कारण सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणमा सहयोग पुग्छ ।
- CBDC को प्रयोगमा उपयोगकर्ताले आफैले प्रयोग गर्ने मोबाइल वा विद्युतीय उपकरणबाट सेवा प्राप्त गर्ने हुँदा वित्तीय पहुँच विस्तार गर्न सघाउ पुऱ्याउँछ । नेपाल जस्तो भौगोलिक विविधता र दुर्गम क्षेत्रमा छरिएर रहेका बस्ती भएको मुलुकमा अझ यो सान्दर्भिक हुन सक्छ ।
- CBDC लाई केन्द्रीय बैंकले सुनिश्चित गरेको कारण जोखिमरहित रूपमा जुनसुकै समय उपलब्ध हुन्छ । यसमा अविश्वास हुने जोखिम रहँदैन ।

४. **CBDC को प्रयोगमा रहेका चुनौतीहरू**

CBDC का फाइदाहरू सँगसँगै देहायबमोजिमका चुनौतीहरू रहेकाछन् ।

- नगद मुद्राभन्दा CBDC प्रचलनमा राख्नका लागि हुने खर्च न्यून बनाउन आवश्यक छ ।
- सर्वसाधारण जनताले नगद मुद्राको प्रयोगलाई प्राथमिकता दिएमा CBDC को प्रयोग गर्ने नीति कम प्रभावकारी हुन्छ । इक्वेडरमा सन् २०१४ मा सुरु गरिएका CBDC को प्रयोगको पाइलट परियोजना सर्वसाधारणको न्यून सहभागिताका कारण बन्द हुन पुगेको थियो ।
- CBDC प्रविधि तथा उपकरण प्रयोग हुने अभौतिक मुद्रा भएको कारण साइबर आक्रमण तथा प्रयोगकर्ताको अज्ञानताको कारण अन्यको पहुँचमा पुग्न सक्छ। केन्द्रीय बैंकले प्रयोगकर्ताको वालेटमा अनधिकृत व्यक्तिको पहुँचलाई निषेध गर्ने उच्चस्तरको प्रणाली विकास गर्न नसके प्रयोगकर्तामा CBDC प्रति अविश्वास सिर्जना हुन सक्छ ।
- बैंक निक्षेपलाई CBDC मा सहज रूपमा सटही गर्न सक्ने कारण सर्वसाधारणको बैंक तथा वित्तीय संस्थाप्रति आकस्मिक रूपमा विश्वसनीयता गुमेमा CBDC सटही माग गर्न सक्छन् । बैंक तथा वित्तीय संस्थाको बैंक निक्षेपलाई विद्युतीय मुद्रा सटही गरिदिन केन्द्रीय बैंकले उच्च मात्रा विद्युतीय मुद्रा प्रवाह गर्नुपर्ने हुन सक्छ भने बैंकसँग निक्षेप भुक्तानी गर्न पर्याप्त रकम नहुने अवस्था हुन सिर्जना भई बैंक तथा वित्तीय संस्थामा समस्या देखिन सक्छ ।
- कतिपय अर्थशास्त्रीले ब्याज आर्जन गर्ने CBDC शून्य ब्याजदरलाई सम्बोधन गर्ने मौद्रिक नीतिको औजार हुने तर्क गर्दछन् । तर सधैं मौद्रिक नीतिमा सकारात्मक प्रभाव पर्छ भन्ने छैन । CBDC को मौद्रिक नीतिको प्रभावकारितामा पर्ने प्रभाव वित्तीय प्रणालीको स्थायित्व, सर्वसाधारणले अनिश्चितामा देखाउने व्यहार, विद्युतीय मुद्रा प्रतिको विश्वास, CBDC को उपलब्धता, CBDC को वेगमा हुने अनिश्चिततामा निर्भर गर्दछ । त्यसकारण मौद्रिक नीतिको कार्यान्वयनमा सतर्कता आवश्यक पर्दछ ।

अन्त्यमा, CBDC नगद सरह ग्राह्य हुने गरी केन्द्रीय बैंकले विद्युतीय माध्यमबाट जारी गर्ने मुद्रा हो । यसले नगदरहित अर्थतन्त्र बनाउन, कारोबार समय र लागत कम गर्न सघाउ पुऱ्याउँछ । नेपालको भौगोलिक अवस्थाले गर्दा CBDC अझ सान्दर्भिक रहेको छ । तर, CBDC व्यापक वा सीमित रूपमा उपलब्ध गराउने, ब्याज आर्जन गर्ने/नगर्ने, धारण गर्ने तरिकालगायतका विषयमा स्पष्ट हुन जरुरी छ । CBDC नवीनतम विषय भएको, अधिकांश देशमा अनुसन्धान तथा परीक्षणको क्रममा रहेको र अर्थतन्त्रसँग दीर्घकालीन र बहुआयामिक पक्षमा सरोकार राख्ने विषय भएको कारण नेपालको सन्दर्भमा CBDC को सम्भाव्यता, हुनसक्ने फाइदा, प्रयोगलाई सहज बनाउने उपायहरू, उपयुक्त कानुनी संरचना, गतिशील वातावरणलाई अवलम्बन गर्ने रणनीति, सम्भावित चुनौती, साइबर सुरक्षा रणनीति, आवश्यक प्राविधिक पक्ष र पूर्वाधारको आँकलन, CBDC को माग प्रक्षेपण, मुद्रा प्रदाय, मौद्रिक नीति र वित्तीय स्थायित्वमा पर्नसक्ने प्रभावलगायतका विषयमा अध्ययन हुन आवश्यक छ ।

## रिसर्च मिट सम्पन्न

आर्थिक अनुसन्धान विभागले २०७८ जेठ २८ मा 'रिसर्च मिट' कार्यक्रम आयोजना गऱ्यो । विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठको अध्यक्षतामा उक्त कार्यक्रम आयोजना गरिएको हो ।

सो अवसरमा नेपाल विकास अनुसन्धान प्रतिष्ठानका वातावरण विज्ञ डा. नवराज खतिवडाले विकास तथा वातावरणसँग सम्बन्धित विभिन्न पाँच वटा शोधकार्यहरूको बारेमा संक्षिप्त प्रस्तुति राख्नुभयो । त्यस क्रममा विज्ञ खतिवडाले जमिनमुनिको पानीको प्रदूषण न्यूनीकरण, फोहोर व्यवस्थापन, जल प्रशोधन र धुवाँसहितको सुर्तीजन्य पदार्थलाई धुवाँरहित सुर्तीजन्य पदार्थले प्रतिस्थापन गर्ने सम्भाव्यतालगायतका विषयमा धारणा राख्नुभएको थियो । कार्यक्रममा आर्थिक अनुसन्धान विभागका कर्मचारीको सहभागिता थियो । विभागका निर्देशक डा. रामशरण खरेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# कोभिड महामारी र पुनरकर्जा



✍ आरती मण्डल
सहायक, नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्थाले सर्वसाधारण व्यक्ति वा संस्थाहरूलाई प्रवाह गरेको कर्जाको सुरक्षणमा नेपाल राष्ट्र बैंकबाट ती बैंक तथा वित्तीय संस्थालाई निश्चित समयावधिका लागि उपलब्ध गराउने कर्जा सुविधालाई पुनरकर्जा भनिन्छ । मुलुकको अर्थतन्त्रमा विशेष महत्व राख्ने व्यवसायलाई प्रवर्द्धन गर्न तथा देशमा आइपरेको प्राकृतिक विपत्ति (हालको सन्दर्भमा कोभिड-१९) बाट पीडित सर्वसाधारणलाई पुनर्स्थापना एवम् निरन्तरताका लागि सहयोग गर्न यस्तो सुविधा प्रदान गर्ने गरिन्छ । देशको कुनै विशेष आर्थिक क्षेत्र, व्यवसाय तथा कार्यलाई प्रोत्साहन गर्न र ती कार्यका लागि आर्थिक स्रोतको कमी हुन नदिनसमेत केन्द्रीय बैंकले पुनरकर्जा सुविधा उपलब्ध गराउने गर्दछ ।

**पुनरकर्जाको वर्गीकरण**

नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा भएको व्यवस्था अनुसार बैंक तथा वित्तीय संस्थालाई तोकिएका सर्तको अधीनमा रही पुनरकर्जा सुविधा उपलब्ध गराउने सम्बन्धमा 'नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७ (दोस्रो संशोधनसहित)' मा थप स्पष्ट गरिएको छ । उक्त कार्यविधिमा नेपाल राष्ट्र बैंकबाट प्रदान गरिने पुनरकर्जालाई देहायबमोजिम वर्गीकरण गरिएको छ :

१. **लघु, घरेलु तथा साना उद्यम पुनरकर्जा**

- सञ्चालनमा रहेका उद्यम, व्यवसायको लागि प्रदान भएको रु.१५ लाखसम्मका कर्जाहरू,
- प्राकृतिक प्रकोप वा कुनै महामारीका कारण बन्द रहेता पनि त्यस्तो घटनाअघि सञ्चालनमा रहेका र व्यावसायिक दृष्टिकोणले भविष्यमा सम्भाव्यता रहेका रु.१५ लाखसम्मका कर्जाहरू,
- प्राकृतिक प्रकोपका कारण पुनरुत्थान गर्नुपर्ने लघु, घरेलु तथा साना उद्यमीहरूलाई प्रवाह भएका थप कर्जाहरू,
- वैदेशिक रोजगारीबाट फर्केका उद्यमीहरूलाई प्रवाह भएका कर्जाहरू,
- कृषि उत्पादन तथा प्रशोधन, पशुपन्छीपालन, ह्याचरी, मत्स्यपालन आदिमा प्रवाहित कर्जाहरू,
- कृषि औजार तथा यन्त्र उत्पादन तथा बिक्री वितरण,
- बैंकले समयसमयमा तोकेका अन्य लघु, घरेलु तथा साना उद्यम कर्जाहरू ।

२. **विशेष पुनरकर्जा**

- सञ्चालनमा रहेका निर्यातजन्य उद्योग, व्यवसायलाई प्रवाह भएका कर्जाहरू,
- न्यून आय भएका महिला, आदिवासी, जनजाति, मधेशी, दलित, फरक ढङ्गबाट सक्षम व्यक्तिले सञ्चालन गरेको उद्यम व्यवसायमा प्रवाह भएका कर्जाहरू,
- रुग्ण उद्योग तथा प्राकृतिक प्रकोपबाट प्रभावित क्षेत्रमा प्रदान गरिएका कर्जाहरू,
- वैदेशिक रोजगारीमा जानेलाई प्रवाह भएका कर्जाहरू ,
- कोभिड-१९ बाट अति प्रभावित भनी बैंकले तोकेका क्षेत्रमा प्रदान गरिएका कर्जाहरू ।
- दश मेगावाट भन्दा साना जलविद्युत आयोजनाहरूमा प्रदान गरिएका कर्जाहरू ।
- उद्योग, शिक्षा, स्वास्थ्य, सञ्चार, मनोरञ्जन, हवाई उड्डयन, सार्वजानिक यातायात, औषधि उद्योग, डायग्नोष्टिक सेन्टर, स्वास्थ्य शिक्षण संस्था, अस्पताल, फोहरमैला प्रशोधनसँग सम्बन्धित उद्योगमा प्रवाह भएका कर्जाहरू,
- पर्यटकीय सम्भावना रहेका तर तुलनात्मक रूपमा विकास हुन नसकेका पर्यटकीय गन्तव्य पाथिभरा, माइपोखरी, भीमेश्वर, कालिञ्चोक, हलेसी, लाडटाङ, स्वर्गद्वारी, मनकामना, मुक्तिनाथ, माथिल्लो मुस्ताङ, महागढीमाई, जनकपुरधाम, धनुषाधाम, छिन्नमस्ता, पाँच पोखरी, रारा तथा खप्तड लगायतका क्षेत्रमा पर्यटकीय पूर्वाधार स्थापना गर्न प्रदान गरिएका कर्जाहरू ।
- कोभिड-१९ लगायत संक्रामक रोगजन्य महामारीको कारण पूर्ण क्षमतामा सञ्चालन हुन नसकेका तर, भविष्यमा सञ्चालनको सम्भावना रहेका उद्यमी व्यवसायीले लिएका कर्जाहरू ।

**तालिका १: पुनरकर्जाका लागि हाल विद्यमान ब्याजदर**

| क्र.सं. | पुनरकर्जाको प्रकार | नेपाल राष्ट्र बैंकले लिने ब्याजदर (%) | इजाजतपत्रप्राप्त संस्थाले ग्राहकबाट लिने ब्याजदर (%) |
|---|---|---|---|
| १. | लघु, घरेलु तथा साना उद्यम पुनरकर्जा | २ | ५ |
| २. | विशेष पुनरकर्जा | १ | ३ |
| ३. | साधारण पुनरकर्जा | ३ | ५ |

३. **साधारण पुनरकर्जा**

- जलविद्युत परियोजना, कृषि क्षेत्र, पशुपन्छी तथा मत्स्यपालन व्यवसाय, विदेशमा रोजगारी वा अध्ययन गरी फर्केका युवाले सञ्चालन गरेका उद्योग-व्यवसाय, उत्पादनमूलक उद्योग, पर्यटन उद्योग, निर्माण

**पुनरकर्जाको अवधि**

(१) एकमुष्ट रूपमा प्रदान गरिने पुनरकर्जाको अवधि बढीमा एक वर्षको हुन्छ र यस्तो कर्जा नवीकरण हुँदैन ।

(२) ग्राहक ऋणी अनुसार प्रदान गरिने पुनरकर्जाको हकमा कोभिड-१९ बाट अति प्रभावित भनी बैंकले तोकेका क्षेत्रका

ग्राहक ऋणीको लागि लिक्विड अक्सिजन प्लाण्ट तथा अक्सिजन प्लाण्ट स्थापना गर्न स्वास्थ्य सेवा प्रदायक संस्था, अस्पताल वा उद्योगहरूलाई र निजी क्षेत्रबाट संचालन भएका आर्थिक रूपले सङ्कटग्रस्त जलविद्युत् आयोजनाका समस्या सम्बन्धमा अध्ययन गर्न गठित समितिको प्रतिवेदनले पहिचान गरेका दश मेगावाट भन्दा साना जलविद्युत् आयोजनालाई बढीमा एक वर्ष र मध्यम तथा न्यून प्रभावित क्षेत्र भनी बैंकले तोकेका ग्राहक ऋणीको लागि छ महिना अवधिको हुन्छ । नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले तोकेको व्यवस्थानुसार बैंकले यस्तो पुनरकर्जा नवीकरण गर्न सक्दछ ।

**पुनरकर्जा सुविधाको सीमा**

बैंकबाट आह्वान गरी इजाजतपत्रप्राप्त संस्थालाई एकमुष्ट प्रदान हुने प्रति ग्राहक पुनरकर्जाको अधिकतम सीमा रु.पाँच करोड हुने व्यवस्था छ। बैंकले ग्राहक अनुसार मूल्याङ्कन गरी उपलब्ध गराउने पुनरकर्जाको प्रतिग्राहक अधिकतम सीमा रु.२० करोडसम्म हुन्छ। तर, कोभिडको बेलामा राहतको लागि स्वास्थ्य सेवा प्रदायक संस्था, अस्पताल वा उद्योगहरूलाई लिक्विड अक्सिजन प्लाण्ट स्थापना गर्न प्रदान गरिने कर्जाको हकमा प्रतिग्राहक ऋणी रु.५० करोडसम्म पुनरकर्जा प्रदान गरिने निर्णय राष्ट्र बैंकले गरेको छ । बैंकबाट आह्वान गरी इजाजतपत्रप्राप्त 'घ' वर्गका लघुवित्त वित्तीय संस्थालाई प्रदान गरिने पुनरकर्जा रकम कुल पुनरकर्जा प्रदान गर्न सकिने रकमको १० प्रतिशतसम्म हुन सक्छ ।

**तालिका २: २०७७/७८ सालमा प्रवाह भएको पुनरकर्जाको विवरण**

| क्र.सं. | पुनरकर्जाको प्रकार | रकम (रु.अर्ब) |
|---|---|---|
| १. | एकमुष्ट पुनरकर्जा (पहिलो लट) | ४९.०४६ |
| २. | एकमुष्ट पुनरकर्जा (दोस्रो लट) | ३७.९६९ |
| ३. | साधारण पुनरकर्जा (ग्राहक ऋणी) | ४०.७४१ |
| ४. | लघुवित्त वित्तीय संस्था (एकमुष्ट) | ३.५४२ |
| | कुल पुनरकर्जा | १३१.२९८ |

** पहिलो ११ महिनाको आँकडामा आधारित*

*स्रोत: नेपाल राष्ट्र बैंक, बैंकिङ विभाग*


उक्त कोषमध्ये एकमुष्ट पुनरकर्जा, कुनै बैंक तथा वित्तीय संस्थालाई लघु, घरेलु तथा साना उद्यम, विशेष र साधारण पुनरकर्जा एकै पटकमा दिने गरी स्वीकृत भएको पुनरकर्जाको पहिलो चरणमा रु.४९.०४६ अर्ब प्रवाह गरिएको छ । साथै एकमुष्ट पुनरकर्जाको दोस्रो चरणमा रु.३७.९६९ अर्ब वितरण गरिएको छ । त्यसै गरी एकल ऋणीलाई प्रवाह गरिएको साधारण पुनरकर्जाको रकम रु.४०.७४१ अर्ब रहेको छ । साथै यस वर्षबाट लघुवित्त वित्तीय संस्थाहरूलाई दिइएको एकमुष्ट पुनरकर्जाको रकम रु ३.५४२ अर्ब बक्यौता रहेको छ । यसरी नेपाल राष्ट्र बैंकले कुल रकम रु १३१.२९८ अर्बको पुनरकर्जा आर्थिक वर्ष २०७७/७८ मा बैंक तथा वित्तीय संस्थाहरूलाई उपलब्ध गराएको छ। कोभिड-१९ ले अर्थतन्त्रमा पारेको असरलाई सम्बोधन गर्न थप स्रोत आवश्यक पर्ने भएकोले पुनरकर्जा प्रयोजनको लागि प्राप्त हुने कुल स्रोत रकमको अधिकतम पाँच गुणासम्म बैंकले पुनरकर्जा प्रदान गर्न सक्ने गरी सीमा तोकिएको छ। कोभिड-१९ को असर न्यून भएसँगै यस सीमालाई क्रमशः घटाउँदै कोषमा उपलब्ध स्रोतको आधारमा पुनरकर्जा सुविधा प्रदान गर्ने व्यवस्था मिलाइने उल्लेख छ।

यसरी मुलुकको व्यावसायिक गतिविधि निरन्तर रूपमा चलिरहोस् र कुनै पनि व्यक्ति वा संस्था स्रोत साधनको अभावमा मर्कामा नपारोस् भनी ल्याइएको पुनरकर्जा सुविधा महामारीको समयमा व्यावसायिक क्षेत्रका लागि रक्तसञ्चार हुने अपेक्षा गर्न सकिन्छ।

# आईएमएफको प्राविधिक सहायता कार्यक्रम

अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) को आयोजनामा २०७८ जेठ ३१ देखि असार ४ सम्म 'वित्तीय सबलता सूचक (एफएसआई)' सम्बन्धी प्राविधिक सहायता कार्यक्रम सम्पन्न भयो ।

भर्चुअल माध्यममा आयोजित उक्त कार्यक्रममा बैंक सुपरिवेक्षण विभाग, आर्थिक अनुसन्धान विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभाग, नेपाल धितोपत्र बोर्ड, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, बीमा समिति, सहकारी विभागका कर्मचारीको सहभागिता थियो । आईएमएफका वित्तीय क्षेत्र विज्ञ माइक एन्ड्रिउजले सहजीकरण गर्नुभयो ।




कार्यक्रमको उद्घाटन समारोहमा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. गुणाकार भट्टले समष्टिगत विवेकशील विश्लेषणको बढ्दो उपयोगिताको आधारमा एफएसआईको अवधारणा आएको र यसबाट वित्तीय तथा गैरवित्तीय क्षेत्रका महत्वपूर्ण जानकारी प्राप्त हुने धारणा राख्नुभयो । कार्यक्रमका विभिन्न सत्रमा सहजकर्ताबाट एफएसआईका विविध पक्ष, एफएसआई मार्गदर्शन, २०१९ र यसको प्रयोगबारे सहभागीलाई जानकारी गराइएको थियो ।

# कोभिडपछिको अवस्थासम्बन्धी परामर्श



विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ संक्रमणपछि निको भएका कर्मचारी र तिनका परिवारको निम्ति बैंकर्स प्रशिक्षण केन्द्रले 'कोभिडपछिको अवस्थासम्बन्धी परामर्श' कार्यक्रम आयोजना गर्‍यो ।

केन्द्रले भर्चुअल माध्यमबाट २०७८ जेठ ३१, असार १, २१ र २२ गते यस्तो कार्यक्रम आयोजना गरेको हो । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, टेकुका वरिष्ठ सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनले सहभागी कर्मचारीलाई कोभिड संक्रमण र यसको असरका विविध पक्षबारे परामर्श दिनुभयो । सो अवसरमा उहाँले कोभिड-१९ को विश्वव्यापी संक्रमण, नेपालमा संक्रमणको अवस्था, संक्रमित व्यक्तिमा पर्ने शारीरिक र मानसिक असर, कोभिडविरुद्धको खोपको प्रभावकारिता, संक्रमण निको भएपछि देखिन सक्ने असर र अपनाउनुपर्ने सावधानीका विविध पक्षबारे परामर्श दिनुभएको थियो । साथै, उहाँले सहभागी कर्मचारीले राखेका जिज्ञासाको जवाफसमेत दिनुभएको थियो ।

चार वटा कार्यक्रममा गरी बैंकका ३२९ जना कर्मचारीको सहभागिता थियो ।

# नेपालगञ्जमा सरकारी ऋणपत्रसम्बन्धी अन्तरक्रिया

नेपालगञ्ज कार्यालयले २०७८ असार १८ गते सरकारी ऋणपत्रसम्बन्धी भर्चुअल अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो । कार्यालयका निर्देशक गोविन्दप्रसाद नागिलाको संयोजकत्वमा उक्त कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा राष्ट्र ऋण व्यवस्थापन विभागका उप-निर्देशकद्वय कर्ता श्रेष्ठ र विष्णुकुमार विश्वकर्माले क्रमश: 'A Overall Glimpse of Public Debt Management Function in Nepal' र 'राष्ट्र ऋण व्यवस्थापन' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । सहायक निर्देशक राहुल कनोजियाले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# विभिन्न तालिमहरू सम्पन्न

बैंकर्स प्रशिक्षण केन्द्रले २०७८ असार महिनामा भर्चुअल माध्यमबाट विभिन्न तालिम सम्पन्न गरेको छ ।

यस क्रममा केन्द्रले असार ६-८ मा 'GL Software' विषय तालिम सञ्चालन गर्‍यो । उक्त तालिममा नौ वटा सत्रमा सञ्चालित उक्त तालिममा बैंकका विभिन्न कार्यालयमा हुँदै गरेको कारोबारको जीएल प्रविष्टिलगायतका विषयमा प्रशिक्षण दिइएको थियो । तालिममा बैंकका विभिन्न विभाग/कार्यालयका ४९ जना कर्मचारीको सहभागिता थियो ।

यसै गरी केन्द्रले असार ९-११ मा 'Procurement and Inventory Management' विषयक तालिम सञ्चालन गर्‍यो । आठ वटा सत्रमा सञ्चालित तालिममा ५२ जना कर्मचारीको सहभागिता थियो । उक्त तालिममा बैंकको खरिद प्रक्रियाका विविध पक्षबारे सहभागीलाई प्रशिक्षण दिइएको थियो ।

केन्द्रले असार १३-१५ सम्म 'विदेशी विनिमय व्यवस्थापन' विषयक तालिम सञ्चालन गर्‍यो । नौ वटा सत्रमा सञ्चालित तालिममा बैंकका ४७ जना कर्मचारीको सहभागिता थियो । उक्त तालिममा ९ सेसन रहेको र राष्ट्र बैंकका ७ जना तथा बैंकबाहिरका १ जना गरी ८ जनाले विदेशी विनिमयसंग सम्बन्धित पक्षमा विस्तृत जानकारी दिनुभएको थियो ।

यसै गरी केन्द्रले असार १६-१८ मा 'NRB Reporting of BFIs' विषयक तालिम सञ्चालन गर्‍यो । नौ वटा सत्रमा सञ्चालित तालिममा ५२ वटा बैंक तथा वित्तीय संस्थाका ५८ जना कर्मचारीको सहभागिता थियो ।

बैंकर्स प्रशिक्षण केन्द्रका निर्देशक आनन्द पौड्यालले सबै तालिमका सहभागी प्रशिक्षार्थीलाई स्वागत र समापन मन्तव्य राख्नुभएको थियो । केन्द्रका सहायक निर्देशक अभिषेक खनालले तालिम सञ्चालन गर्नु भएको थियो ।

*प्रकाशक*

नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय

सूचना तथा सञ्चार समन्वय महाशाखा

बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०

इमेल : samachar@nrb.org.np, वेबसाइट : www.nrb.org.np

*सम्पादक*

डा. भागवत आचार्य

*सम्पादन सहयोगी*

सृजना क्षेत्री

लालकुमार सुवेदी

नवीना ताम्राकार